जनगणना (२०२१) र नेपालको भाषिक स्थिति

भीमलाल गौतम
उप-प्राध्यापक, भाषाविज्ञान केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर
इमेल : gautambhim@rocketmail.com
DOI: https://doi.org/10.3126/prajna.v126i1.86271

लेखसार

नेपालमा भाषाहरूको तथ्याङ्कको आधिकारिक स्रोत जनगणना नै हो । जनगणना २०२१ अनुसार नेपालमा १२४ मातृभाषाहरू छन् जुन चार प्रमुख भाषापरिवारहरूमा वर्गीकृत भएका छन्, जस्तै : भारोपेली, भोटबर्मेली, आग्नेय र द्रविडसहित एक कुसुन्डा भाषा र नेपाली साङ्केतिक भाषा पनि प्रयोग भएको देखिन्छ । यो लेखमा जनगणना (२०२१) मा आधारित भएर नेपालका भाषाहरूको भाषिक परिवार र तिनका अन्य उपशाखाहरूका बारेमा जानकारी दिने काम गरिएको छ । जनगणनामा उपलब्ध तथ्याङ्कलाई विभिन्न समाजवैज्ञानिक सिद्धान्त र अनुसन्धानका आधारमा रहेर विश्लेषण पनि गरिएको छ । अध्ययनअनुसार भाषिक जीवन्तता र भाषा प्रयोगका विभिन्न स्तरहरू मूल्याङ्कन गर्दा ४७.६% मातृभाषाहरू मात्र सुरक्षित देखिन्छन् । नेपालमा लगभग ११७ जति भाषाहरू दोस्रो भाषाको रूपमा बोलिन्छन् भने अङ्ग्रेजी र हिन्दी भाषा पनि त्यतिकै प्रयोग भएको देखिन्छ । यो जनगणनामा सम्मानस्वरूप पहिलो पटक पुर्खाको भाषा पनि रेकर्ड गरिएको थियो जसले भाषिक पहिचानका साथै भाषा परिवर्तन र प्रवृत्ति बुझ्नमा भाषिक सम्पर्क र द्विभाषिकताको अवस्था पनि देखाएको थियो । यहाँ बोलिने ७२ वटा भोट-बर्मेली मातृभाषाहरूले कुल जनसङ्ख्याको १६.६% मात्र प्रतिनिधित्व गर्छन् भने ८३% भन्दा बढी मानिसहरूले मातृभाषाको रूपमा भारोपेली भाषाहरू बोल्छन् । यो जनगणनाले सन् २०११ मा गणना गरिएका केही गैर-आदिवासी भाषाहरूलाई समावेश गरेको छैन भने नयाँ १२ वटा भाषालाई मातृभाषाका रूपमा नामकरण गरी मान्यता दिएको छ । यद्यपि वास्तविक तथ्याङ्क थाहा पाउन छुट्टै भाषिक जनगणना आवश्यक छ । नेपालमा हाल भइरहेको भाषिक सम्पर्क र अपसरणको प्रभावले भाषा प्रयोगको स्थितिमा निकै परिवर्तन देखिएको छ । भाषाहरूको अभिलेखीकरणका साथै बाह्य र भित्री रूपमा सम्पर्कका कारणले पर्ने प्रभावको बारेमा अनुसन्धान गर्नुपर्ने कुराको महत्त्वलाई यस लेखमा देखाइएको छ ।

शब्दकुञ्जी : अपसरण, पैतृक भाषा, भाषा नीति, भाषिक जनगणना, भाषिक सम्पर्क ।

विषयपरिचय

यस लेखमा सन् २०२१ को नेपालको जनगणनामा समावेश भएका भाषाहरूको एक सिंहावलोकन गरिएको छ। नेपालमा भाषाहरूको स्वतन्त्र र वैज्ञानिक जनगणनाको अभाव छ। यो लेखले भाषाहरूको वास्तविक सङ्ख्या, नामकरण, वक्ताहरूको सङ्ख्याबारे आधिकारिक स्रोत र तिनीहरूको अवस्थाका बारेमा प्रस्ट जानकारी दिन्छ। नेपालमा सन् १९५२-१९५४ को बिचमा गरिएको जनगणना पहिलो जनगणना हो। यसले ४४ भन्दा बढी भाषालाई मातृभाषाको रूपमा देखाएको छ। प्रत्येक दश वर्षको अन्तरालमा गरिने राष्ट्रिय जनगणनामा मातृभाषाहरूको सङ्ख्या, तिनीहरूका वक्ताको बारेमा जानकारी सङ्कलन गर्नाका साथै वक्ताहरूको वितरणसम्बन्धी जानकारी पनि सङ्कलन गरिन्छ।। हरेक मातृभाषा र ती भाषा बोल्नेहरूको सङ्ख्याका निम्ति राष्ट्रिय जनगणनामै भर पर्ने गरिन्छ तर उक्त जनगणनाको बारम्बार आलोचना गरिन्छ। २०२१ को जनगणनाअनुसार १२४ भाषाहरूलाई आधिकारिक रूपमा मातृभाषाको मान्यता दिइयो भने अरू केही भाषालाई अन्य भाषाको रूपमा देखाउने काम भयो। यो जनगणनाले ११७ भाषालाई दोस्रो भाषाको रूपमा प्रयोग भएको कुरा पनि उल्लेख गरेको छ।

यस लेखमा २०२१ को जनगणना र यसमा उपलब्ध गराइएका भाषासम्बन्धी तथ्याङ्कलाई प्रयोग गरिएको छ जसमा तिनीहरूको सामाजिक-भाषिक पहिचान (जस्तै, मातृभाषा, पुर्खा र दोस्रो भाषा) का साथै विभिन्न भाषिक परिवार र भाषिक जीवन्तताको सन्दर्भमा विश्लेषण गरिएको छ। यसले समाजवैज्ञानिक दृष्टिकोणबाट भाषाहरूमा भएका तथ्याङ्कको आलोचनात्मक समीक्षा पनि गरिएको छ। भाषा, राजनीति र शक्तिबिच हुने विभिन्न किसिमका अन्तर्दृष्टिहरू (गौतम, २०२२) मार्फत नेपालका भाषाहरूको विश्लेषण गरिएको छ।

अध्ययनको विधि

यो लेखमा नेपालको राष्ट्रिय जनगणना २०२१ मा उपलब्ध तथ्याङ्कहरूलाई आधार मानेर प्रचलित समाजभाषावैज्ञानिक तथ्य र सिद्धान्तहरूका आधारमा विश्लेषण गर्दै यसले नेपाल जस्तो बहुभाषी र बहुसांस्कृतिक मुलुकमा हुने भाषिक अपसरण र भाषिक सम्पर्कले पारेका प्रभावहरूलाई पनि सूक्ष्म ढङ्गले व्याख्या र विश्लेषण गरिएको छ। खास गरी नेपालको जनगणनाका तथ्याङ्कहरूलाई नेपालको सामाजिक-राजनीतिक परिवेशमा देखिने विभिन्न पक्ष र प्रभावहरूको कारणले कसरी तथ्याङ्क र नामहरू परिवर्तन हुन्छ भन्ने कुरो पनि सैद्धान्तिक रूपले विश्लेषण गरिएको छ।

विमर्श र नतिजा

यहाँ नेपालको राष्ट्रिय जनगणना २०२१ मा उपलब्ध तथ्याङ्कहरूलाई आधार मानेर निम्नलिखित सूचकहरूका आधारमा नेपालको भाषिक स्थितिको विश्लेषण गरिएको छ :

मातृभाषाको स्थिति

बच्चाले जन्मेपछि बोल्न सिक्ने पहिलो भाषालाई मातृभाषा भनिन्छ। यो घरमा बोलिने र बाल्यकालमा आमा वा अरूबाट बच्चाले आफैँ सिकेको भाषा हो जुन विचार र सञ्चारको एक प्राकृतिक माध्यमको रूपमा पनि परिभाषित गरिएको छ। मातृभाषाको परिभाषाअनुसार २०२१ को जनगणनाले आधिकारिक रूपमा १२४ भाषाहरूलाई मान्यता दिएको छ। यी भाषाहरू वंशगत

विशेषताअनुसार चार प्रमुख भाषापरिवारहरूमा बाँडिएका छन्, जस्तै : भारोपेली, भोट-बर्मेली, आग्नेय र द्रविडबाहेक कुसुन्डा अलग परिवारको भाषाको रूपमा गणना गरिएको छ । तालिका १ ले यी भाषाहरूको जनसाङ्ख्यिकीय स्थिति (भाषाहरूको सङ्ख्या, तिनका वक्ता र प्रतिशत) देखाउँछ ।

तालिका १ : २०२१ को जनगणनामा नेपालका मातृभाषाहरूको जनसाङ्ख्यिकीय स्थिति

क. सं	भाषिक परिवार	जनसङ्ख्या	प्रतिशत
१	भारोपेली	२४२२७४११	८३.०७%
२	भोट-बर्मेली	४८३७८०८	१६.५९ %
३	आग्नेय	५५९१६	०.१९%
४	द्रविड	३८८७३	०.१३%
५	अलग भाषा (कुसुन्डा)	२३	०.००%
६	अन्य	४२०१	०.०१%

स्रोत : राष्ट्रिय जनगणना, २०२१

२०११ को जनगणनामा ४८ वटा भारोपेली भाषाहरू कुल जनसङ्ख्याको ८२.११% द्वारा बोलिएको कुरा जानकारीमा थियो भने २०२१ को जनगणनामा यस्ता ४७ भाषा कुल जनसङ्ख्याको ८३.०७% ले मातृभाषाको रूपमा बोलेको पाइयो । २०११ को जनगणनामा ७० वटा भोट-बर्मेली भाषाहरूका कुल जनसङ्ख्याको १७.३१% भाषाहरू मातृभाषाका रूपमा दर्ता भएका थिए भने यो जनगणनामा तिनीहरू १६.५९% मा सीमित भए । नयाँ जनगणनामा भाषाहरूको सङ्ख्या एकातिर घटेको देखिन्छ भने अर्कोतिर वक्ताहरूको सङ्ख्या पनि कम भएको छ । यस्तै उडिया, असमिया, गढवाली, फ्रेन्च, रुसी, स्पेनिस, अरबी, चाइनिज, जोन्खा, मिजो, कुकी र नागमेसी जस्ता विदेशी भाषाहरूलाई यस पटक मातृभाषाको रूपमा गणना गरिएको छैन । यस जनगणनामा कुल जनसङ्ख्याको ०.०१% (९४२०१) ले बोल्ने भाषाहरू 'अन्य' भाषाका रूपमा देखाइएको छ ।

भाषापरिवार

नेपालका भाषाहरूलाई तिनीहरूका भाषिक स्वरूप, विशेषता र गुणका आधारमा विभिन्न भाषिक परिवारमा वर्गीकरण गरिएको छ । कुसुन्डा र नेपाली साङ्केतिक भाषालाई छुट्टै मानेर गरिएको वर्गीकरण निम्नानुसार देखिन्छ :

इन्डो-युरोपियन भाषापरिवार

यो भाषापरिवारमा ४७ मातृभाषाहरू छन्, जसमा अङ्ग्रेजीबाहेक संस्कृतलगायत अन्य भाषाहरूलाई भारोपेली भनिने बृहत् उप-परिवारमा समावेश गर्न सकिन्छ । तिनीहरू थप उप-परिवारमा विभाजित छन् ।

पूर्वी भारोपेली

जम्मा उन्नाइस भाषाहरू पूर्वी भारोपेलीसँग सम्बन्धित मानिन्छन् । यसमा मैथिली, भोजपुरी, बज्जिका, मघई, राजवंशी, दनुवार, अंगिका, माझी, गनगाई, बंगला, ताजपुरिया, केवरात,

डोने, साद्री, किसान, कुर्माली, मालपाण्डे र साधनी भाषाहरू पर्छन्। तालिका २ ले पूर्वी भारोपेली मातृभाषाहरूलाई तिनीहरूको वक्ता र प्रतिशतका साथ प्रस्तुत गर्दछ।

तालिका २ : पूर्वी भारोपेली मातृभाषाहरू, तिनका वक्ता र प्रतिशत

क. सं.	भाषा	जनसङ्ख्या	प्रतिशत
१	मैथिली	३२२२३८९	११.०५%
२	भोजपुरी	१८२०७९५	६.२४ %
३	बज्जिका	११३३७६४	३.८९%
४	मगही	२३०११७	०.७९%
५	राजवंशी	१३०१६३	०.४५%
६	दनुवार	४९९९२	०.१७%
७	अंगिका	३५९५२	०.१२ %
८	माझी	३२९१७	०.११%
९	गनगाई	२६२८१	०.०९%
१०	ताजपुरिया	२०३४९	०.०७%

स्रोत : राष्ट्रिय जनगणना, २०२१

केन्द्रीय भारोपेली

खास गरी नेपालको मध्य तराई तथा भित्री मधेसमा बोलिने विभिन्न भाषाहरूलाई केन्द्रीय भारोपेली परिवारको रूपमा मान्न सकिन्छ। तिनीहरूमा थारू, उर्दू, हिन्दी, मारवाडी, मुस्लिम, सोनाहा, कुमाल, दराई जस्ता भाषाहरू समावेश छन्। तालिका ३ मा केन्द्रीय भारोपेली भाषाहरू, तिनको वक्ता सङ्ख्या र प्रतिशत प्रस्तुत गरिएको छ।

तालिका ३ : केन्द्रीय भारोपेली मातृभाषाहरू, तिनका वक्ता र प्रतिशत

क. सं.	भाषा	जनसङ्ख्या	प्रतिशत
१	हिन्दी	२२३१०६	०.७६%
२	थारू	८९६०६	०.३१ %
३	अवधी	७५६५१	०.२६%
४	उर्दू	७२१२८	०.२५%
५	मुसलमान	६०८४	०.०२%
६	बोटे	३८९१	०.०१%
७	मारवाडी	३४४९	०.०१%
८	रानाथारू	८७१	०.००%
९	कुमाल	६१५	०.०० %
१०	दराई	५९१	०.००%

स्रोत : राष्ट्रिय जनगणना, २०२१

उत्तरी भारोपेली

यो परिवारअन्तर्गत जम्मा बाह्र भाषाहरू पर्दछन् । नेपाली, डोटेली, बैतडेली, अछामी, खस, बझांगी, बाजुरेली, दार्चुलेली, डडेल्धुरी, जुम्ली र दैलेखी भाषाहरू यो परिवारमा पर्दछन् । तालिका ४ मा यी भाषाहरूको स्थिति देखाइएको छ ।

तालिका ४ : उत्तरी भारोपेली मातृभाषाहरू, तिनका वक्ता र प्रतिशत

क्र. सं.	भाषा	जनसङ्ख्या	प्रतिशत
१	नेपाली	१३०८४४५७	४४.८६%
२	डोटेली	४९४८६४	१.७ %
३	बैतडेली	१५२६६६	०.५२%
४	अछामी	१४१४४४	०.४८%
५	खस	११७५११	०.४%
६	बझाङ्गी	९९६३१	०.३४%
७	बाजुरेली	५६४८६	०.१९ %
८	दार्चुलेली	४५६४९	०.१६%
९	डडेलधुरी	२१३००	०.०७%
१०	जुम्ली	८३३८	०.०३%

स्रोत : राष्ट्रिय जनगणना, २०२१

यसरी हेर्दा नेपाली साङ्केतिक भाषा कुनै पनि भाषापरिवारसँग सम्बन्धित नभएको देखिन्छ । तर पनि साङ्केतिक नेपालीभाषी समुदायलाई उत्तरी भारोपेलीसँग सम्बन्धित मानिन्छ किनकि नेपाली साङ्केतिक भाषाको विकास भारतीय साङ्केतिक भाषाको प्रभावबाट भएको मानिन्छ । २०२१ को जनगणनाले १७८४ (०.०१%) जना साङ्केतिक भाषाका प्रयोगकर्ता भएको देखाएको छ । उत्तरी भारोपेली समूह सबैभन्दा ठुलो भाषा समूह हो ।

भोट-बर्मेली भाषाहरू

नेपालमा भोट-बर्मेली भाषापरिवार भाषाको सङ्ख्याका आधारमा सबैभन्दा ठुलो परिवार हो, जसमा ७२ मातृभाषाहरू पर्छन् (ब्राड्ले, २०१२, पृ. ११) ।

केन्द्रीय बोडिस

जम्मा तेह्र भाषाहरूलाई केन्द्रीय बोडिस भाषाका रूपमा वर्गीकृत गर्न सकिन्छ, जुन भोट-बर्मेली भाषापरिवारको महत्त्वपूर्ण खण्ड हो । यो खण्डअन्तर्गत शेर्पा, जिरेल, ल्होपा, लोवा, डोल्पाली, ह्योल्मो/योल्मो, तिब्बती, चुम/नुब्री, मुगाली, कर्मारोङ, कागते, ल्होमी र तिछुरङ-पोइके जस्ता भाषाहरू पर्छन् । तालिका ५ ले केन्द्रीय बोडिस मातृभाषाहरूको वक्तासङ्ख्या र प्रतिशत देखाउँछ ।

तालिका ५ : केन्द्रीय बोडिस मातृभाषाहरू, तिनका वक्ता र प्रतिशत

क. सं.	भाषा	जनसङ्ख्या	प्रतिशत
१	शेर्पा	११७८९६	०.०४%
२	ह्योल्मो	९०५८	०.०३%
३	जिरेल	५१६७	०.०२%
४	तिब्बती	५०५३	०.०२%
५	चुम-नुब्री	४२८४	०.०१%
६	डोल्पाली	३२४४	०.०१ %
७	मुगाली	२८३४	०.०१%
८	कर्मारोङ	२६१९	०.०१%
९	ल्होपा	२३४८	०.०१%
१०	लोवा	६२४	०.००%

स्रोत : राष्ट्रिय जनगणना, २०२१

केन्द्रीय बोडिस भाषा समूहमा सङ्ख्याको हिसाबले सबैभन्दा ठुलो भाषा शेर्पा हो र त्यसपछिको ठुलो भाषा ह्योल्मो हो ।

पश्चिम बोडिस

यो समूहमा जम्मा नौ भाषाहरू पर्दछन्, जसमा तामाङ, गुरुङ, घले, भोटे, छन्त्याल, थकाली, मनाङ्गे, दुरा, बरागुन्वा, मगर काइके र नार-फु रहेका छन् । तालिका ६ ले पश्चिमी बोडिस मातृभाषाहरू, तिनीहरूको वक्तासङ्ख्या र प्रतिशतको विवरण दिन्छ ।

तालिका ६ : पश्चिम बोडिस मातृभाषाहरू, तिनका वक्ता र प्रतिशत

क. सं.	भाषा	जनसङ्ख्या	प्रतिशत
१	तामाङ	७१५६९	०.२५%
२	गुरुङ	२३६९८	०.०८%
३	घले	९६३	०.००%
४	भोटे	४५२९२	०.१६%
५	छन्त्याल	३९४	०.००%
६	थकाली	७३३	०.०० %
७	मनाङे	३०४	०.००%
८	बारागुन्वा	८९	०.००%
९	मगर काइके	५१५	०.००%

स्रोत : राष्ट्रिय जनगणना, २०२१

पश्चिम बोडिस भाषा समूहमा तामाङ भाषा बोल्ने सङ्ख्याको हिसाबले सबैभन्दा ठुलो भाषा हो ।

मध्यहिमाली

मध्यहिमाली समूहमा एघार भाषाहरू छन् । त्यसमा मगर ढुट, नेपाल भाषा (नेवारी), मगर खाम, चेपाङ, भुजेल, थामी, पहरी, बालकुरा/बराम, राजी, खाम्ची (राउटे) र बनकरिया भाषाहरू रहेका छन् । तालिका ७ ले मध्यहिमाली भाषाहरूको वक्ताहरूको सङ्ख्या र प्रतिशतको देखाउँछ ।

तालिका ७ : मध्य हिमाली मातृभाषाहरू, तिनका वक्ता र प्रतिशत

क्र. सं.	भाषा	जनसङ्ख्या	प्रतिशत
१	मगर ढुट	१२४८००३	४.२८%
२	नेपाल भाषा (नेवार)	११७९९४६	४.०५%
३	मगर खाम	१२९०२१	०.४४%
४	चेपाङ	७७९५८	०.२७%
५	भुजेल	३८२५७	०.१३%
६	पहरी	१०६१९	०.०४ %
७	बालकुरा (बराम)	५२३०	०.०२%
८	राजी	४६९६	०.०२%
९	राउटे	८२७	०.००%
१०	बनकरिया	८२	०.००%

स्रोत : राष्ट्रिय जनगणना, २०२१

यो भाषासमूहमा मगर ढुट सबैभन्दा ठुलो भाषा हो जुन गण्डकी प्रदेशको तनहुँ, स्याङ्जा र लुम्बिनी प्रदेशको पाल्पामा बढी बोलिन्छ ।

पूर्वी किराँती

पूर्वी किराँती समूहमा १९ भाषा छन् । याक्थुङ/लिम्बु, राई, बान्तवा, चाम्लिङ, याक्खा, याम्फु/याम्फे, नाछिरिङ, मेवाहाङ, पुमा, आठपहरिया, डुङमाली, लोहोरुङ, छिन्ताङ, छिलिङ, वालिङ/वालुङ, लुङ्विम, फाङ्दुवाली, बेल्हारे र साम भाषाहरू यो समूहमा पर्छन् । तालिका ८ मा पूर्वी किराँती भाषाहरू, तिनीहरूको वक्ताको सङ्ख्या र प्रतिशतलाई देखाइएको छ ।

तालिका ८ : पूर्वी किराँती मातृभाषाहरू, तिनका वक्ता र प्रतिशत

क्र. सं.	भाषा	जनसङ्ख्या	प्रतिशत
१	याक्थुङ/लिम्बू	४०८५७७	१.४०%
२	राई	२२८५०२	०.७८%
३	बान्तवा	१५१३४६	०.५२%
४	चाम्लिङ	१००७५४	०.३५%
५	याख्खा	१८१२५	०.०६%
६	याम्फु/याम्फे	१२०२४	०.०४ %
७	पुमा	४२७१	०.०१%
८	मेवाहाङ	३६६९	०.०१%
९	नाछिरिङ	३१७६	०.०१%
१०	छिन्ताङ	२१३५	०.०१%

स्रोत : राष्ट्रिय जनगणना, २०२१

यो समूहमा याक्थुङ/लिम्बू सबैभन्दा ठुलो भाषा हो जुन कोशी प्रदेशको प्रादेशिक भाषाको रूपमा पनि भाषा आयोगबाट सिफारिस भएको छ ।

पश्चिमी किराँती

पश्चिमी किराँती भाषिक समूहमा तेह्र भाषाहरू छन् । जसमा सुनुवार, कुलुङ, थुलुङ, साम्पाङ, खालिङ, वाम्बुले, बहिङ/बायुङ, दुमी, कोयी, जेरो/जेरुङ, हायु/वायु, तिलुङ र सुरेल भाषाहरू पर्छन् । तालिका ९ मा पश्चिमी किराँती पुर्खाका भाषाहरू, तिनीहरूको वक्ताको सङ्ख्या र प्रतिशत देखाइएको छ ।

तालिका ९ : पश्चिम किराँती मातृभाषाहरू, तिनका वक्ता र प्रतिशत

क. सं.	भषा	जनसङ्ख्या	प्रतिशत
१	थुलुङ	१७१८७	०.०६%
२	बाहिङ/वायुङ	१५१०४	०.०५%
३	सामपाङ	१४२६१	०.०५%
४	खालिङ	१०३७०	०.०४%
५	कुलुङ	६०३९	०.०२%
६	दुमी	५८७०	०.०२ %
७	वाम्बुले	५२२७	०.०२%
८	तिलुङ	१७६२	०.०१%
९	सुनुवार	१५९७	०.०१%
१०	जेरुङ	१२४५	०.००%

स्रोत : राष्ट्रिय जनगणना, २०२१

थुलुङ यो भाषिक समूहको सबैभन्दा ठुलो भाषा हो जुन सोलुखुम्बु, ओखलढुङ्गा र खोटाङमा बोलिन्छ ।

यी मुख्य उपशाखाबाहेक अरू धेरै भोट-बर्मेली भाषाहरू नेपालमा बोलिन्छन् । जस्तै : ब्यसीँ र धुलेली सुदूरपश्चिमको हिमाली क्षेत्रमा बोलिन्छ भने धिमाल, मेचे जस्ता भाषाहरू नेपालको पूर्वी तराई जिल्ला झापामा बोलिन्छ ।

आग्नेय, द्रविड, कुसुन्डा, अन्य र अघोषित

यो बृहत् समूहमा तीन आग्नेय, एक द्रविडियन र एक पृथक् भाषा (कुसुन्डा) का साथै केही भाषाहरूलाई जनगणनाले अन्य र अघोषित रूपमा वर्गीकरण गरेको छ । तालिका १० ले आग्नेय, द्रविड, कुसुन्डा, अन्य र अघोषित भाषाहरू, तिनीहरूको वक्ताको सङ्ख्या र प्रतिशतलाई देखाएको छ ।

तालिका १० : आग्नेय, द्रविड, कुसुन्डा, अन्य र अघोषित मातृभाषाहरू, तिनका वक्ता र प्रतिशत

आग्नेय परिवार			
१	सन्थाली	५६६२०	०.१९%
२	मुन्डा/मुन्डारी	२३३४	०.०१%
३	खडिया	२२०	०.००%
द्रविड परिवार			
१	उराउँ/उराव	४०६३७	०.०१%
पृथक् भाषा			
१	कुसुन्डा	८७	०.००%
अन्य		२४७	०.०० %
अघोषित		५२००	०.०२%

स्रोत : राष्ट्रिय जनगणना, २०२१

सीमित प्रश्नावलीमा सम्पन्न गरिएको जनगणनाले भाषाका सबै पक्षहरूलाई समेट्न सकेको छैन तर पनि सन् २०११ को तुलनामा यसले अङ्ग्रेजी र हिन्दीबाहेकका अरू गैरआदिवासी भाषाहरू जस्तै : फ्रेन्च, रुसी, स्पेनिस, अरबी, चाइनिज, जोङ्खा, मिजो, कुकी, नागामिज आदिलाई नेपालका मातृभाषाको रूपमा गणना गरेको छैन, जुन राम्रो कुरा हो। नेपालमा भाषिक पहिचानको मुद्दा निकै बलियो भएको छ जसले गर्दा विविध भाषा, धर्म र जातिको बारेमा तथ्याङ्कमा उल्लेख भएका कुराहरूमा पनि फरक किसिमको सम्झौता र सहमति भएको देखिन्छ। जनगणनाले मातृभाषा, पैतृक र दोस्रो भाषा गरी तीन प्रकारका भाषाहरू पहिचान गरेको छ।

जनगणना र यसको प्रभाव

राष्ट्रिय जनगणनाको समग्र पक्षलाई हेर्दा भाषासम्बन्धी प्रश्नहरू स्वभावैले थोरै हुन्छन् र तिनले नेपाल जस्तो बहुभाषी मुलुकमा बोलिने सबै भाषाहरूको प्रतिनिधित्व गर्नुपर्ने भएकाले वैज्ञानिक र व्यावहारिक किसिमले प्रश्नहरू निर्माण गर्नुपर्ने देखिन्छ। प्रश्नावली निर्माणमा प्रयोग गरिने भाषा तथा शब्द चयनले अपेक्षित सूचना प्राप्तिमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसका अतिरिक्त प्रश्नहरू कसरी समावेश गरिन्छन्, तिनलाई कति र कुन स्तरसम्म बोधगम्य बनाइन्छ र प्रश्नलाई वक्ताले बुझ्ने गरी सोधिन्छ कि सोधिँदैन भन्ने पक्षले पनि तथ्याङ्क सङ्कलन र यसको आकारमा समेत उल्लेख्य प्रभाव पार्ने गरेको हुन्छ। यति मात्र नभएर जनगणनामा बनाइने प्रश्नावलीमा सम्बन्धित भाषिक समुदाय एवं समूहबारे सूचना, भाषाको सङ्ख्या, तिनको वर्गीकरणमा मात्र उपयोगी हुने होइनन्, यसले समग्र देशको भाषा योजना, शिक्षामा भाषाको प्रयोग, सरकारी कामकाजको भाषा छनोट, अल्पसङ्ख्यक र लोपोन्मुख भाषाहरूको अभिलेखीकरण तथा भाषाहरूको संरक्षण र विकासमा आधार प्रदान गर्ने गरेको पाइन्छ। त्यसैले सरकार, समुदाय तथा सम्बन्धित सरोकारवाला निकायले गर्ने भाषा पहिचान तथा सूचीकरणमा कुनै एक पटकको निर्णयले दूरगामी

प्रभावसमेत पारेको देखिन्छ . यसै गरी विभिन्न माध्यमद्वारा सङ्कलित सूचनालाई प्रशोधन गरी निष्कर्ष निकाल्दा आउने परिणाम, यसले उत्पन्न गर्ने जटिलता र समग्र तथ्याङ्कको आकार एवम् निष्कर्षलाई पार्ने प्रभावको समेत विश्लेषण गर्नुपर्ने देखिन्छ ।

नेपालको राजनीतिक परिवर्तनसँगै जनगणनामा पनि त्यसको धेरथोर प्रभाव परेको देखिन्छ जुन स्वाभाविक पनि हो। वि.सं. २०४८ सम्मका जनगणनामा नेपाली भाषालाई मात्र तथ्याङ्कमा देखाउने होडबाजी देखिन्थ्यो भने त्यसपछिका जनगणनामा नेपालीइतर समुदायले आफूलाई पहिचान दिने गरी अगि बढेको देखिन्छ। खास गरी २०७८ को भाषिक तथ्याङ्क हेर्दा भाषामा क्षेत्रीय र जातीय परिचय हावी भएको देखिन्छ । भाषाको राजनीतिसमेत यहीँबाट सुरु हुन्छ । यसमा थुप्रै जातीय संस्थाको पहलमा आफूले बोल्दै नबोल्ने भाषालाई समेत आफ्नो मातृभाषा भनेर उल्लेख गरिएको आभास मिल्छ । वक्ताको सङ्ख्या बढी हुनु वा कम हुनु लेखकको चासोको विषय होइन । तथापि तथ्याङ्क भरपर्दो नआउँदा भाषिक योजना, अल्पसङ्ख्यक भाषाको संरक्षण तथा यससम्बन्धी नीति बनाउँदासमेत समस्या बल्झिने गर्छ र त्यसले आगामी दश वर्षका सबै भाषासम्बन्धी योजना र कार्यक्रमहरूलाई प्रभाव पार्दछ।

नेपालको संविधानले भाषा आयोगको कल्पना गरे तापनि सोअनुरूप काम हुन सकेको छैन। सन् २०१६ मा स्थापित भाषा आयोगले प्रादेशिक रूपमा ११ वटा भाषा सिफारिस गरे पनि वास्तविक भाषा नीतिको मस्यौदा सङ्घीय सरकारलाई दिन सकेको छैन जसको कारणले नेपालमा आजसम्म औपचारिक भाषा नीति बन्न सकेको छैन। भाषा आयोगले सन २०२२ मा नेपालीबाहेक अरू ११ वटा भाषालाई प्रादेशिक भाषा बनाउनुपर्ने सिफारिस त गऱ्यो तर यो अनुसन्धान नगरीकन सन् २०११ को जनगणनामा आधारित भएर गर्दा औपचारिकताबाहेक केही हुन सकेको छैन।

भाषिक सम्पर्क र अपसरण

आधुनिक नेपालमा सहरीकरणको प्रभावसँगै मातृभाषाहरूको प्रयोग क्रमशः नेपाली, अङ्ग्रेजी तथा अन्य व्यावसायिक भाषातिर बढी सरेको देखिन्छ। खास गरी नेपालका सन्दर्भमा २०४६ सालको राजनीतिक परिवर्तनपछि बहुदलीय प्रजातन्त्र एवं खुलापनका कारणले नेपालीबाहेक अन्य भाषाभाषी समुदाय एवं वक्ताले पनि स्वतन्त्र रूपमा भाषालाई प्रयोग गर्न थाले (गौतम, २०१२)। (फिसमेन, १९७२) ले भने जस्तै विषय र प्रसङ्गअनुसार एउटै व्यक्तिले पनि फरक-फरक भाषाहरू प्रयोग गरेको कुरा नेपाली समाजमा देखिन थालेको छ। खुला र बहुभाषी नेपाली समाजमा भाषिक सम्पर्कको कारणले अरू विभिन्न असरहरू देखिन थालेका छन्। फिसमेन (१९९१) ले अनुमान गरे जस्तै भाषा पुस्तान्तरण हुने क्रममा एकबाट अर्कोमा सर्ने र अपसरण हुने क्रम बढ्यो। जसले गर्दा एउटै परिवारमा हजुरबुबाको पुस्ताले मातृभाषाको व्यापक प्रयोग र नातिको पुस्ताले नेपाली, अङ्ग्रेजी वा अन्य भाषाहरूमा दखल भएको पाइयो (गौतम र गिरी, २०२४)। बिचको पुस्ताले आफ्नो मातृभाषासहित नयाँ पुस्ताको भाषाको प्रयोग गर्दा संयम अपनाएको देखियो। मासिका (१९९१ : पृ. ४२) ले दक्षिण एसियामा भाषिक सम्पर्क र अपसरण नौलो होइन भने पनि नेपाली समाजमा विविध राजनीतिक एवं सामाजिक कारणले भाषिक सम्पर्क र यसका प्रभावहरू

देखिन्छन् । खास गरी विवाह, आमसञ्चार, सङ्गीत र बसाइँसराइको कारणले भाषिक सम्पर्क हुने गर्दछ (गौतम, २०२४) ।

वि.सं. २०४६ पछि नेपालको राजनीतिक, सामाजिक एवं आर्थिक क्षेत्रमा आएको परिवर्तनले अधिकांश मान्छेहरू शिक्षा, रोजगार, विकास र अन्य भौतिक सुविधाहरूका कारणले आफ्नो गाउँबस्ती छोडेर नजिकको बजार, सदरमुकाम या राजधानी आउने र बसाइँ सर्ने क्रममा व्यापक वृद्धि भयो । खास गरी २०५२ सालपछिको माओवादी विद्रोहको बेला सुरक्षाका कारणले मानिसहरू सहरतिर प्रवेश गर्न थाले । सहरीकरणसँगै मानिसहरूमा बढेको भौतिक सुखसुविधा र विश्वव्यापीकरणको प्रभावले गर्दा नयाँ परिवेशमा भाषालाई पनि नयाँ किसिमले प्रयोग गर्ने कुरामा मानिसहरूले बढी ध्यान दिन थाले । खास गरी सहरकेन्द्रित मध्यमवर्गीय परिवारमा भाषिक सम्पर्क र अपसरणको बढी प्रभाव देखिन थाल्यो । जब मानिसहरू नयाँ समाजमा घुलमिल हुन्छन् तब बिस्तारै उनीहरू आफ्नो मातृभाषालाई अरूको भाषाको कारणले बिर्सने र सम्पर्क भाषाका माध्यमबाट प्रभावशाली भाषा बोल्न र सिक्न थाल्छन् । घरायसी कुराकानी, पारिवारिक बोलचाल, धार्मिक-सांस्कृतिक कार्यक्रमबाहेक अन्य अवस्थाहरूमा नेपाली, अङ्ग्रेजी र हिन्दी भाषाको प्रयोग दिनप्रतिदिन बढिरहेको कुरा भर्खरै सम्पन्न हुन थालेको एउटा अध्ययनले देखाएको छ । अनुसन्धानका क्रममा स्रोतव्यक्तिहरूले विभिन्न किसिमका विचारहरू व्यक्त गरेको पाइन्छ, जुन उनीहरूको आर्थिक-सामाजिक, राजनीतिक, ऐतिहासिक तथा मनोवैज्ञानिक अवधारणामा आधारित छ । खास गरी काठमाडौँ उपत्यकाभित्र नेवार र अन्य भाषिक समुदायहरूले भाषाको प्रयोग गर्दा फरक किसिमका भाषिक अवधारणामा आधारित भाषिक विचारहरू समावेश गरेको पाइन्छ (गौतम, २०२४) । नेवारहरूमा भाषिक-सांस्कृतिक एकताले महत्त्वपूर्ण प्रभाव पारेको देखिन्छ भने काठमाडौंमा बसाइँ सरेका मैथिली, शेर्पाहरूमा भाषालाई नवसुधारवादी अवधारणाले प्रभाव पारेको देखिन्छ (गौतम, २०२०), जहाँ मैथिली तथा शेर्पाहरू आफ्नो भाषाभन्दा पनि आर्थिक उपार्जन हुने अङ्ग्रेजी र हिन्दी भाषाप्रति बढी मोहित भएको कुरा एउटा अध्ययनले देखाएको छ (गौतम, २०२५) । काठमाडौँमा सबैभन्दा बढी बसाइँ सरेको मैथिली समुदायमा गरेको अध्ययनले व्यापार, व्यवसाय तथा अन्य कारणले उनीहरूमा मैथिलीपछि हिन्दी भाषाको प्रभाव देखिन्छ । यसरी हेर्दा नेपाली समाजमा भाषिक सम्पर्क, विचलन र अपसरण प्रक्रिया फरक-फरक किसिमले बढेको देखिन्छ ।

भाषिक सम्पर्कको अर्को महत्त्वपूर्ण कारण भनेको अन्तरजातीय विवाह हो जसले गर्दा मानिसहरू आफ्नो मातृभाषा छोडेर नेपाली वा अन्य कुनै भाषा प्रयोग गर्न बाध्य छन् । नेपालका प्रसङ्गमा विभिन्न राई किराँती भाषाहरू लोप हुने क्रम बढ्नुको एउटा महत्त्वपूर्ण कारण यो पनि हो । शिक्षा र सञ्चारमा आएको विकास एवम् परिवर्तनले युवापुस्ताले आफ्नो भाषा छोडेर नयाँ भाषाको प्रयोग गर्ने क्रम बढेको कुरा हामी सबैले महसुस गरिरहेकै छौँ । हाभे (२००५) ले भनेझैँ आधुनिक राजनीतिक अर्थशास्त्रले व्यक्तिगत स्वतन्त्रता र आर्थिक सम्पन्नताका माध्यमवाट बजारीकरणमा व्यक्तिगत प्रतिस्पर्धालाई भाषिक अपसरणको रूपमा प्रयोग गरिएको कुरा नेपालको सहरोन्मुख जनसङ्ख्या र विदेशोन्मुख युवापुस्ताको भाषिक मोहबाट सजिलै अनुमान गर्न सकिन्छ । भाषिक सम्पर्क र अपसरणको बारेमा कुरा गर्दा एउटा महत्त्वपूर्ण कुरा के हो भने यहाँ भाषा मात्र परिवर्तन भइरहेको छैन, भाषासँगै हाम्रो मूर्त र अमूर्त कला र संस्कृतिमा पनि विचलन आएको छ ।

निष्कर्ष

नेपालको इतिहासमा जनगणना र यसको प्रभावकारिताबारे अध्ययन गर्दा सुरुका वर्षहरूमा भाषालाई खासै ध्यान दिइएको भेटिन्न तर सन् १९९० को राजनीतिक परिवर्तनपछि भाषा र यसका तथ्याङ्कहरू निकै पेचिला बन्न पुगे । सन् २००१, २०११ र २०२१ को जनगणनालाई तुलना गरेर हेर्‍यो भने भाषिक मुद्दाहरू र यसको महत्त्व झनै बढेर गएको भेटिन्छ । भाषिक जनगणना र यसको तथ्याङ्कलाई तोडमोड गरियो भने यसले सही रूपमा भाषिक न्याय दिन सक्दैन । नेपालको बहुभाषिक र बहुसांस्कृतिक स्थितिलाई तथ्यपरक किसिमले मूल्याङ्कन र विश्लेषण गर्नु जरुरी छ । भाषिक-सांस्कृतिक अभियन्ताहरूले यो कुरालाई बेलैमा ख्याल पुर्‍याउन सकेनन् भने हिजोको डाइनोसरको कथा जस्तै भोलिको पुस्ताले हाम्रो भाषिक, धार्मिक एवं सांस्कृतिक विविधतालाई एकादेशको कथाको रूपमा सुन्नुपर्ने हुन सक्छ । युनेस्कोले सन् २०२२-२०३२ लाई अन्तर्राष्ट्रिय आदिवासी भाषा दशक मनाइरहँदा हामीले पनि नेपालमा भएका आदिवासी जनजाति र लोपोन्मुख भाषाहरूमा भइरहेको यो भाषिक सम्पर्क र अपसरण र यसको प्रभावका बारेमा अध्ययन गर्नु वाञ्छनीय हुने छ । भाषाहरूको अभिलेखीकरणका साथै बाह्य र भित्री रूपमा सम्पर्कको कारणले पर्ने प्रभावको बारेमा अनुसन्धान गर्नुपर्ने कुरा निकै महत्त्वपूर्ण देखिएको छ । जनगणनामा सोधिएका तीन प्रश्नमध्ये मातृभाषा र पुर्ख्यौली भाषाबारेमा एउटै प्रश्न बनाएर हरेक नागरिकको भाषिक क्षमताबारे वा बहुभाषिकताबारे प्रश्न सोध्न सकेको भए अरू बढी तथ्याङ्क र जानकारी प्राप्त हुने थियो ।

सन्दर्भ सामग्रीसूची

Bandhu, C .M . (1989). The role of national language in establishing the national unity. *Kailash.* Vol .15 (121-134) .

Bradley, D . (2012). Genetic classification of Sino-Tibetan Languages. *Encyclopaedia of Chinese Langiuages and Linguistics.* Brill.

Central Bureau of Statistics (2011). *Population census*. National Planning Commission.

National Statististical Office (2022). Office of the Prime minister. Singh Durbar, Kathmandu .

Eagle, S (2000). The language situation in Nepal. In R .B . Baldauf & R .B . Kaplan (eds.) . *Language planning in Nepal, Taiwan and Sweden* . Multilingual Matters . 170-225 .

Eberhard, D .M ., F . Simons, and Charles D. Fenning (eds.) (2021). *Ethnologue : Languages of the world*. Twenty-fourth edition. SIL international. www.ethnologue.com

Edwards, V . (2004) . *Multilingualism in the English-speaking world: pedigree of nations.* Oxford, Wiley-Blackwell .

Fishman, J . (1972) . *The sociology of language: An interdisciplinary social science Approach to language in society* . Rowley, MA, Newbury House .

Fishman, J . (1991) . *Reversing Language Shift* . Multilingual Matters Ltd . Clevedon .

Gal, S . & Judith T . Irvine . (1995) . The boundaries of languages and disciplines: How ideologies construct difference . *Social Research* 62(4) . 967–1001 .

Gautam, B . L . (2012) . Contact Nepali in Kathmandu valley: Convergence between TB and IA languages . *Nepalese Linguistics* 27(1) . 38–42 .

Gautam, B . L . (2018) . Language Shift in Newar: A case study in the Kathmandu valley. *Nepalese Linguistics* 33(1) . 33–42 .

Gautam, B . L . (2020) . *Language contact in Kathmandu valley* PhD thesis submitted to Faculty of Humanities and Social Sciences, TU.

Gautam, B . L . (2021) . *Language contact in Nepal: A study on language use and attitudes* . Palgrave-MacMillan.

Gautam, B . L . (2022) . Language politics in Nepal: A socio-historical overview . *Journal of World Languages*, 7(2), 355-374 . https://doi .org/10 .1515/jwl-2021-0010.

Gautam, B . L . (2024) . Aspects of language contact in Newar . *International Journal of Multilingualism*, *21*(1), 516-533 .

Gautam, B .L . (2025) . English language politics in Nepal: A socio-historical perspective . In Giri, R . A & Gnawali, L(Eds .) . *Handbook of English Language Education in Nepal*, Routledge . PP . 34-45 . DOI: 10 .4324/9781003508540-5

Gautam, B .L . & Poudel, P . (2022a) . Diversity, multilingualism and democratic practices in Nepal . *Bandung Journal of Global South*, 9, 80-102 .

Gautam, B . L . & Poudel, P . (2022b) . Language contact in Maithili: Trends, Traits and Impact on Multilingual Sociolinguistic Spaces (2022) . *Gipan .Vol* .5 .1 (1-16) . DOI/10 .3126/gipan . v5i1 .49537 .

Gautam, B . L ., & M. Giri . (2024) . Trajectories of Language and Culture of Gopali Community in Chitlang Valley . *Glottodidactica*, *51*(1), 7–26 . https://doi .org/10 .14746/gl .2024 .51 .1 .1

Government of Nepal . (2015) . *The Constitution of Nepal 2015* . Nepal Government, Minister of law and Justice .

Harvey, D . (2005) . *A brief history of neoliberalism* . Oxford: Oxford University Press .

Heller, M . (1995). Code switching and the politics of language. *One speaker, two languages. Cross-disciplinary perspectives on code-switching,* 156–174. Cambridge University Pres .

Hugoniot, K . (1997). *A sociolinguistic profile of the dialects of Maithili*. SIL .

Irvine, J . T ., & Gal, S . (2000) . Language ideology and linguistic differentiation . In P . V . Kroskrity (Ed .), *Regimes of language: Ideologies, polities, and identities* (pp. 35–84) . Santa Fe, NM: School of American Research Press .

Masica, C . (1991) . *The Indo-Aryan Languages* . Cambridge University Press .

Kirchheiner, O . (2016) . Culture and Christianity negotiated in Hindu society: A case study of a church in Central and Western Nepal . Middlesex University dissertation .

Ricento, T . (Ed .) . (2015) . *Language policy and political economy: English in a global context* . Oxford University Press .

Scotton, C . (2002) . *Linguistics: bilingual contact encounters and grammatical outcomes*. Oxford University Press .

Sonntag, S . K . (2007) . Change and permanence in language politics in Nepal . In Amy B. M . Tsui & James W . Tollefson (eds .), *Language policy, culture, and identity in Asian contexts,* 205–217 . Lawrence Erlbaum .

Thapa R ., Binod L ., Bhim Lal G . & Kamal R . D . (2018) . *Language shift in Nepal: A General Study* . A report submitted to Language Commission Nepal.

गौतम, भीमलाल (२०२२). नेपालमा भाषा राजनीतिका विविध आयामहरू. *प्रज्ञा* अंक २ नम्बर १२२ (३०-३८). नेपाल प्रज्ञा प्रतिष्ठान.